आज मिति २०७९ साल मंशिर १३ गते मंगलबारका दिन यस साँफेबगर नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७९/८० को दोस्रो कार्यपालिकाको छैठौं बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

उपस्थितीः

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री राजेन्द्र बहादुर कुँवर | अध्यक्ष एवं नगर प्रमुख | ९८४८६४९०२३ | |
| २. | श्री शिव बहादुर कुँवर | सदस्य एवं नगर उप-प्रमुख | ९८५११५२८३९ | |
| ३. | श्री नन्द बहादुर ठकुल्ला | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१ | ९८६५७६९२२४ | |
| ४. | श्री सेत बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-२ | ९८४९७८७४३९ | |
| ५. | श्री कुल बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-३ | ९८६४८१७४८५ | |
| ६. | श्री नवराज बुढा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-४ | ९८४८५५२३१८ | |
| ७. | श्री मक्कर बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-५ | ९८४८६०४९७२ | |
| ८. | श्री मिन बहादुर बोहरा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-६ | ९८४८६५३३८२ | |
| ९. | श्री हिक्मत कडायत | सदस्य एवं वडा अध्यक्ष वडा नं.-७ | ९८६८४३६७५९ | |
| १०. | श्री कालु सिंह कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-८ | ९८४४६७९८७८ | |
| ११. | श्री दिपक कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-९ | ९८४८६४९२२० | |
| १२. | श्री ललित बोगटी | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१० | ९८४८५५६००९ | |
| १३. | श्री राम बहादुर बोहरा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-११ | ९८५१२४६२११ | |
| १४. | श्री जनक बहादुर कडायत | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१२ | ९८६८४४९३१७ | |
| १५. | श्री रुप बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१३ | ९८६५८७९१५८ | |
| १६. | श्री सन्जु थापा | सदस्य एवं वडा अध्यक्ष वडा नं.-१४ | ९८४८४१०३४५ | |
| १७. | श्री उमा उपाध्याय | सदस्य | ९८४०२९५९२१ | |
| १८. | श्री बिनोद बहादुर भुल | सदस्य | ९८६९९१६९६२ | |
| १९. | श्री मुकेश मिजार | सदस्य | ९८४८५७८३१२ | |
| २०. | श्री मिना के.सी. | सदस्य | ९८४८५९९१५८ | |
| २१. | श्रीमती बिष्णा कुँवर | सदस्य | ९८६५५७९०४३ | |
| २२. | श्री राधा देवी साउँद | सदस्य | ९७४४२८६११३ | |
| २३. | श्री अनिल परियार | सदस्य | ९८६५८४२४८९ | |
| २४. | श्री देवसरा साउद (थापा) | सदस्य | ९८६४४८६१९७ | |
| २५. | श्री लक्ष्मी प्रसाद शर्मा | सचिव नि.प्र.प्र.अ. | ९८५८४३०१११ | |

आमंन्त्रितः

| | | | | |
|---|---|---|---|---|
| १. | पुष्प बहादुर बुढा | | ९८४८४८४९०० | |
| २. | श्री दुर्गा वि.क. | का.वा. वडा अध्यक्ष वडा नं.-९ | | |
| ३. | श्री बिन्दु देवी सुनार | का.वा. वडा ,, ,, -१२ | | |
| ४. | श्री नृप विश्वकर्मा | उ.प्र. कानुन शाखा | ९८४८९०४७२० | |

प्रस्तावहरुः

१। रिपोर्टिङ

२। ढुंगा, गिट्टी, बालुवाको टेण्डर सम्बन्धमा ।

३। भूकम्पबाट भएको क्षतिको विवरण सम्बन्धमा ।

४। सार्वजनिक सुनुवाई सम्बन्धमा ।

५। न्यानो लुगा वितरण गर्ने सम्बन्धमा ।

६। वडा कार्यक्रम अन्तर्गत वडा नं. १४ को योजनाको शीर्षक परिवर्तन सम्बन्मा ।

७। विकास निर्माण सम्बन्धमा ।

८। जीपपार्क निर्माणको लागि जग्गा भाडामा लिने सम्बन्धमा।

९। आर्थिक सहयोग सम्बन्धमा ।

१०। मेयरकप रनिङ् शिल्ड प्रतियोगिता सम्बन्धमा ।

११. संग्रामतोली देखि खमडःपुत्र भेरासैन सडक सम्बन्धमा ।

१२। साँफेबगर नगरपालिका भू उपयोग क्षेत्र (जग्गा) को वर्गिकरण सम्बन्धमा ।

१३। विविध

निर्णयहरुः

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गतका १४ वटै वडाको पछिल्लो अवस्थाका बारेमा सम्वन्धित वडा अध्यक्षबाट रिपोर्टिङ कार्य भई वडा तहमा कार्य सञ्चालनार्थ देखिएका कमी कमजोरी, आइपरेका समस्या तथा तीनको समाधानका लागि अपनाईएका उपायहरुको बारेमा भएको प्रस्तुती पश्चात नगर प्रमुख एवं अध्यक्ष ज्यूबाट समसामयिक विषयवस्तुमाथिको संक्षिप्त रिपोर्ट प्रस्तुतीकरणका साथ रिपोर्टिङ कार्य सम्पन्न गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाक्षेत्र अन्तर्गतका नदीनालाहरुबाट उठाउने ढुंगा गिट्टी बालुवाको आ.व. २०७९/०८० मा उत्खनन तथा निकासी गर्ने प्रयोजनको लागि रकम रु. ७० लाखमा ३० दिने सूचना जारी गरी टेण्डर आव्हान गर्न प्रथम पटक मिति २०७९/०५/०२ गतेको प्रकाशित सूचना अनुसार कुनैपनि फर्म वा कम्पनिको बोलपत्र पेश नभएकोले पुनः दोस्रो पटक रकम रु. ६० लाखमा १५ दिने सूचना जारी गरिएकोमा कुनैपनि फर्म वा कम्पनिको बोलपत्र पेश नभएकोले पुनः तेस्रो पटक भ्याट सहित रकम रु. ४० लाखमा ७ दिने सूचना स्थानीय सञ्चार माध्यममा सम्प्रेषण गरी टेण्डर आव्हान गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा यही मिति २०७९ साल कार्तिक २२ गते देखि लगातार रुपमा गइरहेको भूकम्पबाट भएको क्षतिको यथार्थ विवरण मिति २०७९ साल मंशिर १४ गते भित्र यस साँफेबगर नगरपालिकामा पेश गर्न १४ वटै वडा कार्यालयहरुलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको गत आ.व.२०७८/०७९ मा सम्पन्न बार्षिक कार्यक्रम तथा उक्त अवधिमा नगरपालिका बाट सम्पादित गतिविधिहरुको बारेमा सेवाग्राही नागरिक र कार्यालयबीच साक्षात्कार गर्ने उद्धेश्यले मिति २०७९ साल मंशिर २६ गते मध्यान्ह १२:०० बजेको समयमा सार्वजनिक सुनुवाईको आयोजना गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत सुनौलो १००० दिन भित्रका अति विपन्न परिवारका आमा तथा बच्चाहरुलाई जाडोबाट बच्न सघाउ पुग्ने हेतुले स्वास्थ्य शाखाको समन्वयमा न्यानो लुगा वितरण गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रममा सेरीखोला गणेन तटबन्धन उल्लेख भएकोमा १४ नं. वडा कार्यालयको सिफारिसको आधारमा उक्त सेरीखोला गणेन तटबन्धन नभएर सेरीखोला गणेन सिंचाई योजना भएको हुँदा सेरीखोला गणेन सिंचाई योजना कायम गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं. ०८ मा अवस्थित महेन्द्र मा.वि. बयालपाटामा सञ्चालित विशेष कक्षा अन्तर्गत भान्छा घर अविरल बर्षाका कारण भत्कीएकोले मर्मतको लागि रकम रु. ५०,०००/- अक्षेरुपी पचास हजार मात्र विनियोजन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका क्षेत्रमा सञ्चालन हुने चार पाङ्ग्रे सवारी साधन जीपहरु पार्किङको लागि व्यवस्थित प्रकारको जीप पार्क नभएकोले साँफेबगर एअरपोर्ट बजारमा जीप पार्क निर्माणको लागि यस नगरपालिकाबाट जग्गा भाडामा लिन ईच्छुक जग्गाधनीहरुबाट आवेदन मागको लागि १५ दिने सार्वजनिक सूचना जारी भई उल्लेखित म्याद भित्र अछाम जिल्ला साँफेबगर नगरपालिका वडा नं. ०४ निवासी जग्गाधनी भागा देवी बुड्थापाको आवेदन परेको र निज जग्गाधनी भागा देवी बुड्थापाको जग्गा जीप पार्क निर्माणको लागि उपयुक्त भएकोले बार्षिक रकम रु. ६५०००/- अक्षेरपी पैसठ्ठी हजार भाडादरमा सम्झौता गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा अछाम जिल्ला मैल्लेख गाउँपालिका वडा नं. ७ नन्देगडा निवासी भ्वाइस अफ नेपाल सिजन ४ का प्रतिष्पर्धी गायक आशिष महरलाई रकम रु. ५०,०००/- आर्थिक सहयोग उपलब्ध गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा मेयरकप रनिङ शिल्ड प्रतियोगिता मिति २०७९ साल माघ महिनाको ३ गते देखि सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं. १२ खप्तडमा सञ्चालित संग्रामतोली देखि खप्तड पुत्र भेरासैन सडक निर्माण योजनाको सडक निर्माण अन्तर्गत खप्तड नाइनी देखि बर्माली सम्म नयाँ बाटो कटिङ कार्यको मेसिन प्रयोग लगबुकमा यस साँफेबगर नगरपालिका कार्यालय मार्फतको ५०.६ घण्टा पनि जोडिएर ३१०.६ कायम भएकोमा भुक्तानी प्रयोजनको लागि उक्त ५०.६ घण्टा घटाई २६० घण्टा कायम गरी योजना फर-फारक गर्न गराउन साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा भू उपयोग ऐन २०७६ र नियमावली २०७९ बमोजिम यस साँफेबगर नगरपालिका क्षेत्रको खेतीयोग्य जग्गा (कृषि क्षेत्र) वा गैर कृषि क्षेत्र सम्बन्धित वडा समितिबाट तपसिलमा सिफारिस भई आए बमोजिम निर्धारण गरी भू उपयोग क्षेत्र वर्गिकरणको लागि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सिफारिस गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| वडा नं. | खेतीयोग्य जग्गा (कृषि क्षेत्र) | गैर कृषि क्षेत्र. | कैफियत |
|---|---|---|---|
| १ | ❖ निगाली धारा देखी दर्क्षिण सेती लोक मार्गको दुबै तीर गैरी गडा सम्म लुंग्रेली गाड देखी वैधनाथ र बोहरा वाडा वैधनाथ मन्दिर सम्म कृषि क्षेत्र<br>❖ सेती लोक मार्ग देखी २५ मिटर पूर्व गैरागाउँ सम्म गैर कृषि क्षेत्र<br>❖ सेती लोक मार्ग सम्म जोडिएको २५ मिटर | ❖ पानी खोला र सिमल रुख सेती लोक मार्ग देखी २०० मिटर पश्चिम सम्म<br>❖ सेती लोक मार्ग सम्म जोडिएका दहखेत र भुरीगाँउ अन्तरगत पर्ने २५ मिटर दाया बाया गैर कृषि क्षेत्र<br>❖ भैरवस्थान देखी कालिका स्थान ग्रामिण सडक सम्म जोडिएका डाडासुगाडा | |

| | | | |
|---|---|---|---|
| | दाया बाया दुवै क्षेत्र पिपल रुख बेलरुख सालकोट र मुल पानी सम्म गैर कृषि क्षेत्र | ठिगालगाउँ र कुपसैन अन्तरगत २५ मिटर दाया बाया गैर कृषि क्षेत्र<br>❖ अम्लीसेरा खैराना र भन्खाना पुल सम्म गैरकृषि क्षेत्र | |
| २ | ❖ सेती लोकमार्ग संग जोडिएको जग्गाहरु कृषि क्षेत्र<br>❖ बालुवाबगर तिपी खेत देखी गौती आम सम्मका जग्गाहरु कृषि क्षेत्र<br>❖ लोली टाके दायाँ बायाँका जग्गाहरु कृषि क्षेत्र | ❖ नवागाउँ देखी सरस्वती नि.मा.बि लोली सम्मका जग्गाहरु गैर कृषि क्षेत्र,<br>❖ नौहाट देखी किर्तिखाम गोयलापानी सम्मका जग्गाहरु गैर कृषि क्षेत्र | |
| ३ | ❖ गैर कृषि क्षेत्र तोकिएको भन्दा बाहेकको अन्य क्षेत्रलाई कृषि क्षेत्रमा कायम गर्ने | ❖ सिद्धेस्वर मुख्य : राजमार्ग सहायक राजमार्ग र जिल्ला सडकको १०० मि. दायाँ बायाँ क्षेत्र गैर कृषि क्षेत्र<br>❖ १० मि. चौडा भएको सडकको हकमा ६० मि. दायाँ बायाँ सम्मको गैर कृषि क्षेत्र<br>❖ ८ मि. चौडा भएको हकमा ५० मि. बाया बायाँ सम्मको गैर कृषि क्षेत्र<br>❖ ६ मि. चौडा भएको हकमा ४० मि. दायाबाया सम्मको गैर कृषि क्षेत्र<br>❖ हाल नयाँ सहर आयोजना बाट निर्माण भएको बसपार्कको दायाबाया ३० मि. सम्म गैर कृषि क्षेत्र<br>❖ हाल आवासिय प्रयोगमा भएको घर जग्गालाई गैर कृषि क्षेत्र | |
| ४ | ❖ मातृजयाकोट ल्याण्ड फिलिङ भित्र पर्ने र सो संग जोडिएको २५ मिटर दाँया बायाँ सम्मको जग्गा गैर कृषि क्षेत्र र अन्य जग्गा कृषि क्षेत्र ।<br>❖ साँफेगर मंगलसेन सडकसंग जोडिएको १०० मिटर दाँया बाया सम्मको जग्गा गैर कृषि क्षेत्र र अन्य जग्गा कृषि क्षेत्र ।<br>❖ साबिकको मष्टामाण्डौ वडा न. १ को सम्पूर्ण जग्गा गैर कृषि क्षेत्र<br>❖ जनकल्याण टोलभित्र पर्ने एलानी जग्गा भित्रको सम्पूर्ण क्षेत्र गैर कृषि क्षेत्र ।<br>❖ जनकल्याण टोलदेखि हिमालय मा.बि. वडा नं ५ को सिमाना सम्म पर्ने सडकको दाँयाबाया २५ मिटर सम्मको जग्गा गैर कृषि क्षेत्र र अन्य जग्गा कृषि क्षेत्र । | ❖ वडा नं ४ मष्टामाण्डौ भित्र पर्ने अन्य सडकको हकमा<br>६ मिटर चौडा सडकको दायाबाया २० मिटर सम्मको जग्गा गैर कृषि क्षेत्र ।<br>❖ ८ मिटर चौडा सडकको दायाबाया ३० मिटर सम्मको जग्गा गैर कृषि क्षेत्र<br>❖ १० मिटर चौडा सडकको दायाबाया ४० मिटर सम्मको जग्गा जग्गा गैर कृषि क्षेत्र | |
| ५ | ❖ र सो बाहेकको कृषि क्षेत्र ।<br>❖ र सो भन्दा बाहेकको जग्गा कृषि क्षेत्र<br>❖ छिपेखोला सिमली कठेना जारिमखोला दहपाटा सडकसंग जोडिएको दायाबाया ५० मिट क्षेत्र गैर कृषि क्षेत्र र सो भन्दा बाहेकको जग्गा कृषि क्षेत्र<br>❖ क्षेत्र र सो भन्दा बाहेकको जग्गा कृषि क्षेत्र | ❖ हिमालय मा.बि देखी बिम्कोट सम्म मालिका सडक संग जोडिएको दायाँ बायाँ ८०मिटरको क्षेत्र गैर कृषि क्षेत्र<br>❖ मष्टामाण्डौ नवाठाना नन्देगडा मेल्लेख सडक संग जोडिएको दायाँ बायाँ ८० मिटरको क्षेत्र गैर कृषि क्षेत्र<br>❖ दहपाटा ठकुल्लाबाडा मुना हुदै | |

| | | | |
|---|---|---|---|
| | ❖ र सासे भन्दा बाहेकको जग्गा कृषि क्षेत्र<br>❖ गैर कृषि क्षेत्र भनी तोकीएको भन्दा बाहेकको अन्य जग्गा कृषि क्षेत्र | चिनेसल्ला डिकसंग जोडिएको दायाँ बायाँ ५० मिटरको क्षेत्र गैर कृषि<br>❖ बात्थला दुल्पानी लेषाङ ब्रमडाडा खोकेला सडकसंग जोडिएको दायाँ बायाँ ५० मिटर क्षेत्र गैर कृषि क्षेत्र<br>❖ दहपाटा भाटबाडा सडकसंग जोडिएको दायाँ बायाँ ५० मिटरको क्षेत्र गैर कृषि क्षेत्र | |
| ६ | ❖ गैर कृषि क्षेत्र भनी तोकीएको भन्दा बाहेकको अन्य जग्गा कृषि क्षेत्र | ❖ चिदेपिपल देखी वडा कार्यालय हुदै सालामाडू सम्म जाडिएको सडकको दायाँ बायाँ २५ मिटर सम्मको गैह्र कृर्षी क्षेत्र ।<br>❖ काटेनाउला देखी कालापातल सडक सम्म जोडिएको सडकको दायाँ बायाँ ४० मिटर सम्म गैह्र कृर्षि क्षेत्र ।<br>❖ जनता क्याम्पसदेखी बस्तोला सम्म सडकको दायाँ बायाँ ४० मिटर गैह्र कृर्षि क्षेत्र ।<br>❖ अन्य शाखा सडकको दायाँ बायाँ २० मिटर सम्म गैह्र कृर्षि क्षेत्र ।<br>❖ हाल उपभोगमा रहेको घर र घडेरी गैह्र कृर्षि क्षेत्र | |
| ७ | ❖ छिपेखोला बुढिगंगा नदिको तटिय क्षेत्रको खेती योग्य जमिन छिपेलोला, ठाडेसिम्र , गोनडाडा, पधेरी खेत मेलसैन, सल्ली खेत कृषि क्षेत्र | ❖ कृषि क्षेत्र भनी तोकीएको भन्दा बाहेकको अन्य जग्गा गैर कृषि | |
| ८ | ❖ गैर कृषि क्षेत्र भनी तोकीएको भन्दा बाहेकको अन्य जग्गा कृषि क्षेत्र | ❖ मध्यपहाडी सडकको कैलासखोलन देखी रिडिकोटको सिमाना सम्म दायाँ बायाँ १०० मिटर सम्मको गैह्र कृर्षि क्षेत्र ।<br>❖ अन्य सडकको हकमा दायाँ बायाँ ३० मिटर सम्मको क्षेत्र लाई गैह्र कृर्षि क्षेत्र ।<br>❖ बयालपाटा बजार, सल्लेनि बजार र तेल ढोल्ने आँप बजारको सडक सम्म जोडिएको २५ मिटर सम्म जोडिएको क्षेत्र गैह्र कृर्षि क्षेत्र ।<br>❖ अन्य शाखा सडकको दायाँ बायाँ २० मिटर सम्म गैह्र कृर्षि क्षेत्र ।<br>❖ हाल उपभोगमा रहेको घर र घडेरी गैह्र कृर्षि क्षेत्र । | |
| ९ | ❖ गैर कृषि क्षेत्र भनी तोकीएको भन्दा बाहेकको अन्य जग्गा कृषि क्षेत्र | ❖ बास्काटीयाको सडक नपुगेको पिलतोला क्षेत्र बाहुनगाँउ, कुँवर टोल र दलित टोल गैर कृषि क्षेत्र<br>❖ बुढाकोट रहेका सम्पुर्ण सडकहरुको दायाँबायाँ २५ मिटर सम्म गैर कृषि क्षेत्र<br>❖ आवासिय घर घडेरी रहेको जग्गा गैर कृषि क्षेत्र | |
| १० | ❖ **कृषि क्षेत्र** :जिजाडिगाडको आसपासको क्षेत्र<br>❖ ठाँटी खप्तड पर्यटन सडकको दायाँ बायाँ पर्ने क्षेत्र<br>❖ सेती लोकमार्गको दायाँ बायाँ पर्ने क्षेत्र<br>❖ साँफे मार्तडी सडकखण्डको दायाँ बायाँ पर्ने क्षेत्र | ❖ कृषि क्षेत्र भनी तोकीएको भन्दा बाहेकको अन्य जग्गा गैर कृषि क्षेत्र | |

| | | | |
|---|---|---|---|
| | ❖ गैर कृषि क्षेत्र भनी तोकीएको क्षेत्र भन्दा बाहेकको अन्य बाँकी सबै जग्गा कृषि क्षेत्र | ❖ ठाडो गडा देखि कालेखोला सडकको दायाँ बायाँ २५ मिटर सम्मको क्षेत्रलाई गैर कृषि क्षेत्र<br>❖ अन्य शाखा सडकको हकमा २० मिटर सम्मको दायाँ बायाँको क्षेत्रलाई गैर कृषि क्षेत्र<br>❖ आवासीय घर घडेरी गैर कृषि क्षेत्र<br>❖ कालालेकी मन्दिर क्षेत्र गैर कृषि क्षेत्र | |
| | ❖ गैर कृषि क्षेत्र भनी तोकीएको क्षेत्र भन्दा बाहेकको अन्य बाँकी सबै जग्गा कृषि क्षेत्र | ❖ सप्तडमा रहेको सम्पुर्ण मुख्य सडक र शाखा सडकको हकमा २५ मिटर दाँया बाँयाको क्षेत्रलाइ गैर कृषि क्षेत्र<br>❖ आवासिय घर र घडेरी भएको जग्गालाई गैर कृषि क्षेत्र<br>❖ नैनी पर्यटकिय क्षेत्रको वरिपरि १ कि.मी. सम्मको क्षेत्रलाइ गैर कृषि क्षेत्र<br>❖ | |
| | ❖ सेलखेत, जिमताडा खेत, कडा पाखोबारी, तल्ला स्यू तोली, मल्ला स्यू तोला, चत्र टाटगडा, धुल्लेडी, टमट्टा गाउँ, बड्याखेत, सालकाट्ठ्या, माडीखेत, भूमिसैन, गैरीखेत, ठूला खेत, बाबै खेत, पैयाँ खेत, सिमगाने खेत, डाडेखोला, जुकेनाखेत, भण्डारीगाउँ, बटालीगाउँ, डाँडागडा, किमगैरा, नाउला, लामागडा सहितको क्षेत्र कृषि क्षेत्र | कृषि क्षेत्र भनी तोकीएको क्षेत्र भन्दा बाहेकको अन्य बाँकी सबै जग्गा गैर कृषि क्षेत्र | |
| | ❖ गैर कृषि क्षेत्र भनी तोकीएको क्षेत्र भन्दा बाहेकको अन्य बाँकी सबै जग्गा कृषि क्षेत्र | ❖ सेरीखोला देखी दुनीरवा ल्याण्ड फिलिड भित्र पर्ने र सो संग जोडिएको ३० मिटर दायाँ बायाँ सम्मको जग्गा गैर कृषि क्षेत्र<br>❖ नाउली देखी सम्फना बजार सडक संग जोडिएको १०० मिटर दायाँ बायाँ सम्मको जग्गा गैर कृषि क्षेत्र,<br>❖ सम्फना बजार देखी श्री कालिका मा.बि. सडक संग जोडिएको १०० मिटर दायाँ बायाँ सम्मको जग्गा गैर कृषि क्षेत्र<br>❖ सम्फना बजार भित्र पर्ने ऐलानी जग्गा भित्रको सम्पुर्ण क्षेत्र गैर कृषि क्षेत्र<br>❖ दुनीरवा देखी भासुवनको सिमाना सम्म पर्ने सडकको दायाँ बायाँ २०० मिटर गैर कृषि | |